apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २२९ ● पृष्ठ: ४ ● १९ भदौ २०८३ शुक्रबार (04 September 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## अदालतका फैसला कार्यान्वयन रोक्न माग गर्दै मिटरब्याजपीडितद्वारा सिरहामा प्रदर्शन

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, भदौ १८ गते**




मिटरब्याजसम्बन्धी समस्या समाधानका लागि सरकारले यसअघि गरेको सहमति प्रभावकारी रूपमा कार्यान्वयन गर्न माग गर्दै मिटरब्याजपीडितहरूले सिरहामा प्रदर्शन गरेका छन्। मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपालका सिरहा जिल्ला समितिका अध्यक्ष रौदी भन्ने श्यामसुन्दर यादवको नेतृत्वमा पीडितहरूले प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय, सिरहामा ज्ञापनपत्र बुझाएका हुन्।

पीडितहरूले मिटरब्याजका नाममा हुने अनुचित लेनदेन, फर्जी लिखत तथा वास्तविक कारोबारभन्दा बढी रकमको तमसुक बनाउने प्रवृत्ति अन्त्य गर्न माग गरेका छन् । प्रदर्शनका क्रममा उनीहरूले 'अदालतको फैसला मान्दैनौं, 'मिटरब्याजी साहुलाई कारबाही गर' लगायतका नारा लगाएका थिए ।

जिल्ला प्रशासन कार्यालयमा बुझाइएको ज्ञापनपत्रमा सरकारले मिटरब्याजपीडितसँग गरेको सहमति तथा त्यसअनुसार जारी भएका निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न माग गरिएको छ । पीडितहरूले वास्तविक कारोबार नभएको अवस्थामा फर्जी लिखत, तमसुक तथा चेकका आधारमा आफूहरूमाथि भइरहेको कानुनी तथा आर्थिक दबाब अन्त्य गर्नुपर्ने बताएका छन्। ज्ञापनपत्रमा मिटरब्याजसम्बन्धी उजुरीमाथि निष्पक्ष अनुसन्धान गरी वास्तविक पीडितलाई न्याय दिनुपर्ने, अनुचित लेनदेनमा संलग्न साहु-महाजनमाथि कानुनी कारबाही

बाँकी पृष्ठ ३ ▸▸

## भोटेकोशी बाढीपीडितका लागि सिरहाका पाँच पालिकाबाट ५१ लाख बढी सहयोग

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १८ गते**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सिरहाका पाँच स्थानीय तहले ५१ लाखभन्दा बढी सहयोग गर्ने भएका छन्।

मिर्चैया नगरपालिकाले २५ लाख ५८ हजार, लहान नगरपालिकाले ११ लाख, गोलबजार नगरपालिकाले ५ लाख ५५ हजार ५५५, कल्याणपुर नगरपालिकाले ५ लाख र सिरहा नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्।

यससँगै यी पाँच स्थानीय तहबाट मात्रै भोटेकोशी बाढीपीडितका लागि ५१ लाख १३ हजार ५५५ रुपैयाँ सहयोग हुने भएको छ।

स्थानीय तहहरूले भोटेकोशीमा आएको विनाशकारी बाढीबाट भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै विपद्को कठिन घडीमा प्रभावित परिवारको तत्काल उद्धार, आवश्यक राहत तथा सुरक्षित पुनर्स्थापनालाई प्राथमिकता दिँदै स्थानीय सरकारको तर्फबाट सहयोग गर्ने निर्णय गरिएको जनाएका छन्।

## औरहीका तत्कालीन प्रशासकीय अधिकृतसहित चार जनाविरुद्ध मुद्दा दायर

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १८ गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले औरही गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय

बाँकी पृष्ठ २ ▸▸

## ऋण काढेर बाढीमा बेपत्ता छोराको खोजीमा निस्किएका टोल्का सदा

**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ १८ गते**



सप्तरीका ५० वर्षीय टोल्का सदाको आँखा थकित छन् भने अनुहारका चाउरीमा चिन्ताको गहिरो रेखा देखिन्छ। पहाडी बाटोमा लामो दुरी हिँड्दा उनका गोडा दुखेका छन् । भोक र आक्रोशका बिच आशा र निराशासँग पौंठिजोरी खेल्दै उनी एउटै लक्ष्यमा केन्द्रित छन्, बेपत्ता छोराको खोजी ।

तराईका बासिन्दा टोल्काका एक्ला छोरा १९ वर्षीय विनोद सदा भदौ १० मा उत्तरी नेपालका क्षेत्रहरूमा आएको भीषण बाढी र पहिरोपछि बेपत्ता छन् । बाढीले घर, विद्यालय, पुल र जलविद्युत् आयोजनाहरू ध्वस्त पारेको थियो ।

भोटेकोशी नदीमा बाढी आउनुभन्दा एक दिनअघि टोल्काले छोरासँग कुरा गरेका थिए । विनोद एक महिनाअघि मात्रै रसुवास्थित एक जलविद्युत् आयोजनामा ज्यामी काम गर्न पुगेका थिए । उनीसँगै काम गर्ने १७ देखि १९ वर्ष उमेर समूहका अन्य चार जना युवा पनि बाढीपछि बेपत्ता छन्।

श्रीमतीको रोदन र आफ्नो गहिरो पीडा सम्झिँदै टोल्का भन्छन्, 'म भन्न सक्दिनँ मेरी श्रीमती कति रोइरहेकी छिन्, म आफैं गहिरो पीडामा छु। के गर्ने भन्ने बुझ्न सकिरहेको छैन ।'

उमेरले पाको टोल्का सुन्तला रङको प्लास्टिकलाई बर्सादीका रूपमा ओढेर अनि काँधमा धुमिल झोला भिरेर भाइका साथमा यो कठिन यात्रामा निस्किएका छन् । उनको खल्तीमा फोहोर रुमालभित्र पोको पारिएको २ हजार रुपैयाँभन्दा कम पैसा छ।

छोराको खोजीमा निस्कन उनले सयकडा २० रुपैयाँ ब्याज तिर्ने गरी ऋण लिएका थिए । सोही रकमबाट बस चढेर दाजुभाइ सप्तरीबाट २९२ किलोमिटर टाढाको काठमाडौं पुगे । काठमाडौं पुगेपछि उनीहरू जीवितै भेटिने आशा वा मृतकको सूची हेर्न अस्पताल-अस्पताल धाए । शव

बाँकी पृष्ठ ४ ▸▸

## राजर्षि जनक विश्वविद्यालयमा १० प्रतिशत विद्यार्थीलाई अनिवार्य छात्रवृत्ति

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १८ गते**




राजर्षि जनक विश्वविद्यालयले शैक्षिक सत्र २०८३/८४ देखि स्नातक तथा स्नातकोत्तर तहमा भर्ना हुने विद्यार्थीमध्ये कम्तीमा १० प्रतिशतलाई अनिवार्य छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरेको छ।

विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले विश्वविद्यालयअन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा सञ्चालित सम्पूर्ण शैक्षिक कार्यक्रममा छात्रवृत्ति व्यवस्था लागू गर्ने निर्णय गरेको हो । यस निर्णयअनुसार, जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

यसका लागि विश्वविद्यालयले 'राजर्षि जनक विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३' स्वीकृत गरेको छ । अब विश्वविद्यालयअन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा सञ्चालन हुने स्नातक र स्नातकोत्तर तहका सम्पूर्ण शैक्षिक कार्यक्रममा भर्ना हुने विद्यार्थीमध्ये कम्तीमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको रजिस्ट्रार डा. जीवन काफ्लेले जानकारी दिए ।

विश्वविद्यालयको रजिस्ट्रार कार्यालयले छात्रवृत्ति व्यवस्थासम्बन्धी निर्णय कार्यान्वयनका लागि विज्ञान प्रविधि तथा इन्जिनियरिङ संकाय, व्यवस्थापन संकाय, मानविकी तथा कानुन संकाय र स्वास्थ्य विज्ञान संकायका डीन कार्यालयलाई पत्राचार गरेको छ।

विश्वविद्यालयले छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन स्वीकृत कार्यविधिअनुसार आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ।

विश्वविद्यालयले निर्णय कार्यान्वयनका लागि सम्बन्धित संकाय तथा निकायलाई आवश्यक कार्य अघि बढाउन आग्रह गरिएको छ।

## भोटेकोशी बाढीमा मधेश प्रदेशका हराइरहेका ३० सम्पर्कमा, १६२ जना अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १८ गते**



रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा हराइरहेकामध्ये मधेश प्रदेशका ३० जना परिवारको सम्पर्कमा आएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेश प्रदेशका १९२ जनामध्ये ३० जना टेलिफोनमार्फत सम्पर्कमा आएको र १६२ जना अझै सम्पर्कविहीन रहेका छन्।

सम्पर्कविहीनमध्ये पर्साको वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम, स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए।

यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर

बाँकी पृष्ठ ४ ▸▸



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## प्रादेशिक अस्पतालमा उपचारको ध्यान देउ

सिरहा जिल्लामा दुई प्रादेशिक अस्पताल नागरिकका लागि सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको महत्वपूर्ण आधार हुन् । निजी अस्पतालमा महँगो उपचार गर्न नसक्ने तथा सरकारी स्वास्थ्य संस्थाप्रति भरोसा गर्ने ठूलो जनसंख्याका लागि यी अस्पताल आशाको केन्द्र पनि हुन् । तर पछिल्लो समय अस्पतालमा उपचार तथा स्वास्थ्य सेवा लिन पुग्ने सेवाग्राहीले भोग्नुपरेको भीड, अव्यवस्था र सेवा प्रवाहको कठिनाइले अस्पतालको व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाएको छ । लहानस्थित प्रादेशिक अस्पतालमा दैनिक ठूलो संख्यामा सेवाग्राही पुग्नु आफैंमा समस्या होइन । बरु नागरिकले सरकारी स्वास्थ्य संस्थामाथि विश्वास गरेको संकेतका रूपमा यसलाई लिन सकिन्छ । समस्या त्यतिबेला सुरु हुन्छ, जब सेवाग्राहीको चापअनुसार अस्पताल प्रशासनले कर्मचारी परिचालन, सेवा कक्ष व्यवस्थापन, सूचना प्रणाली र पालो व्यवस्थापन गर्न सक्दैन । अस्पतालमा बिरामी उपचारका लागि पुग्छन्, तर त्यहाँ पुगेपछि कुन कक्षमा जाने, कहाँ टिकट लिने, आफ्नो पालो कहिले आउँछ, कुन सेवाका लागि कति समय लाग्छ भन्ने सामान्य जानकारीसमेत सहज रूपमा नपाउने अवस्था हुनु दुःखद हो । बिरामी र उनका आफन्त घण्टौंसम्म भीडमा उभिनुपर्ने, एउटै कक्षमा अत्यधिक भीड जम्मा हुने र सेवा लिन अनावश्यक समय खर्चिनुपर्ने अवस्था सरकारी स्वास्थ्य संस्थाको प्रभावकारी सेवा व्यवस्थापनको परिचायक हुन सक्दैन ।

विशेषगरी पालो प्रणाली अस्पताल सेवाको आधारभूत पक्ष हो । पालो प्रणाली केवल भीड नियन्त्रण गर्ने उपाय मात्र होइन, सेवाग्राहीलाई समान, पारदर्शी र निष्पक्ष रूपमा सेवा उपलब्ध गराउने माध्यम पनि हो । पालो प्रणाली व्यवस्थित नहुँदा पहुँच, चिनजान वा प्रभावका आधारमा अगाडि सेवा पाउने अवस्था सिर्जना हुन सक्छ । यसले अस्पतालप्रतिको नागरिकको विश्वास कमजोर बनाउँछ । त्यसैले 'पहिले आउनेले पहिले सेवा पाउने' आधारलाई व्यवहारमै सुनिश्चित गर्न अस्पताल प्रशासन गम्भीर हुनुपर्छ ।

अस्पताल व्यवस्थापनले सेवाग्राहीको चापलाई आधार बनाएर कर्मचारीको कार्यविभाजन र परिचालन गर्न आवश्यक छ । कुन समयमा कुन सेवामा बढी भीड हुन्छ भन्ने तथ्यांकका आधारमा जनशक्ति परिचालन गर्न सकिन्छ । टिकट, ओपीडी, प्रयोगशाला, फार्मेसी, स्वास्थ्य बीमा, रिपोर्ट वितरणलगायत सेवामा छुट्टाछुट्टै र व्यवस्थित लाइन तथा आवश्यकताअनुसार डिजिटल वा टोकन प्रणाली लागू गर्न सकिन्छ । त्यसैगरी अस्पताल परिसरमा स्पष्ट सूचना पाटी, डिजिटल डिस्प्ले, हेल्प डेस्क र सेवाग्राहीलाई सहजीकरण गर्ने कर्मचारीको व्यवस्था आवश्यक छ । अस्पतालमा पहिलोपटक आउने बिरामीले पनि सजिलै आफ्नो गन्तव्य र सेवा प्रक्रिया बुझ्न सक्ने वातावरण निर्माण गर्नु अस्पताल प्रशासनको दायित्व हो ।

सिरहा जिल्लामा दुई वटा प्रादेशिक अस्पताल हुनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । तर अस्पतालको संख्या बढ्दैमा स्वास्थ्य सेवा गुणस्तरीय हुँदैन । अस्पतालमा पर्याप्त जनशक्ति, आवश्यक उपकरण र औषधिको उपलब्धतासँगै व्यवस्थापन क्षमता पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कमजोर व्यवस्थापनका कारण उपलब्ध स्रोतसाधनको सही उपयोग हुन नसके त्यसको प्रत्यक्ष मार बिरामी र उनका आफन्तले खेप्नुपर्छ ।

दुवै प्रादेशिक अस्पतालको व्यवस्थापनमा सुधार आवश्यक देखिएको विषयलाई सम्बन्धित प्रदेश सरकार र अस्पताल प्रशासनले गम्भीरतापूर्वक लिनुपर्छ । अस्पताल सञ्चालनको नियमित प्रशासनिक प्रक्रियालाई मात्र पर्याप्त ठान्ने होइन, सेवाग्राहीको अनुभव र गुनासोलाई व्यवस्थापन सुधारको आधार बनाउनुपर्छ । अस्पतालमा दैनिक कति बिरामी आउँछन्, कुन सेवामा बढी भीड हुन्छ, सेवाग्राहीले कति समय कुर्नुपर्छ र कहाँ बढी समस्या देखिन्छ भन्ने विषयमा नियमित अध्ययन र अनुगमन हुनुपर्छ । सरकारी अस्पतालमा आउने नागरिक कुनै उपकार माग्न आएका होइनन् । उनीहरू राज्यले उपलब्ध गराउनुपर्ने स्वास्थ्य सेवा लिन आएका हुन् । त्यसैले उनीहरूलाई सम्मानजनक व्यवहार, सहज प्रक्रिया र समयमै सेवा पाउने अधिकार छ । बिरामीको अवस्था संवेदनशील हुन्छ । लामो समयसम्म भीडमा उभिनुपर्ने, आफ्नो पालो थाहा नपाउने वा सामान्य सेवाका लागि समेत अनेक झन्झट बेहोर्नुपर्ने अवस्था अन्त्य हुनु आवश्यक छ । अब अस्पताल सुधारको बहस भवन निर्माण, नयाँ उपकरण खरिद र बजेट विनियोजनमा मात्र सीमित हुनुहुँदैन । सेवा व्यवस्थापन कसरी प्रभावकारी बनाउने, सेवाग्राहीको समय कसरी बचाउने र अस्पताललाई नागरिकमैत्री कसरी बनाउने भन्ने विषयलाई प्राथमिकतामा राख्नुपर्छ । प्रदेश सरकारले दुवै प्रादेशिक अस्पतालको सेवा व्यवस्थापनको वस्तुगत समीक्षा गरी आवश्यक सुधारको स्पष्ट कार्ययोजना बनाउनुपर्छ । अस्पताल प्रशासनले पनि भीड व्यवस्थापन, पालो प्रणाली, कर्मचारी परिचालन, सूचना प्रवाह र गुनासो सुनुवाइलाई तत्काल सुधारको प्राथमिकतामा राख्नुपर्छ । त्यसैले अस्पतालको सफलता भवन र उपकरणले मात्र मापन हुँदैन । बिरामीले अस्पतालबाट कस्तो व्यवहार र कति सहज रूपमा सेवा पाए भन्ने कुराले यसको वास्तविक मूल्यांकन हुन्छ । सिरहाका दुवै प्रादेशिक अस्पताललाई नागरिकको भीडले अस्तव्यस्त बनाउने होइन, व्यवस्थित व्यवस्थापनले त्यही भीडलाई सहज र प्रभावकारी सेवामा रूपान्तरण गर्न सक्नुपर्छ । अस्पताल प्रशासन र प्रदेश सरकारसँग नागरिकले खोजेको प्रश्न यही हो । अस्पतालमा सेवाग्राहीको चाप बढेको हो कि व्यवस्थापनको कमजोरी भन्ने कुरालाई यकिन गर्दै समाधानमा सार्थक पहल गर्नु पर्छ । जसले सुधार ल्याउने र नागरिकले स्तरीय स्वास्थ्य सेवा पाउन सक्छ ।

# नेपालको संकट: शासनको कि विश्वव्यवस्थाको ?




✍ **भुपेन्द्र थापा 'माधव'**

नेपालको वर्तमान संकटलाई केवल सरकारको अक्षमता, राजनीतिक दलहरूको कमजोरी वा प्रशासनिक अव्यवस्थाको परिणाम भनेर बुझ्नु अधुरो हुन्छ । तर यसको सम्पूर्ण दोष विश्वराजनीति, विश्व अर्थव्यवस्था वा बाह्य शक्तिलाई थोपरेर उम्कनु पनि त्यत्तिकै गलत हुन्छ । वास्तविकता यी दुईको बीचमा छ- नेपालको आन्तरिक शासन-संस्कार र बदलिँदो विश्वव्यवस्था बीचको असन्तुलनमा ।

आज नेपाल एउटा यस्तो मोडमा उभिएको छ, जहाँ राजनीतिक परिवर्तनको गति सामाजिक अपेक्षाभन्दा छिटो छ, तर राज्यको संस्थागत क्षमता त्यही गतिमा रूपान्तरण हुन सकेको छैन । पुरानो राजनीतिक पुस्ताप्रति बढेको वितृष्णा, नयाँ पुस्ताको बेचैनी, रोजगारीको अभाव, भ्रष्टाचारप्रतिको आक्रोश, सामाजिक सञ्जालबाट निर्मित राजनीतिक चेतना र परिवर्तनको तीव्र आकांक्षाले नेपालको राजनीतिक परिदृश्यलाई नै बदलिदिएको छ ।

यही पृष्ठभूमिमा नयाँ पुस्ताबाट आएका प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारप्रति असाधारण अपेक्षा निर्माण भएको छ । यो केवल एउटा नयाँ सरकारको आगमन होइन, पुरानो राजनीतिक संस्कारप्रतिको जनअस्वीकृतिको अभिव्यक्ति पनि हो । तर प्रश्न अब सरकार कसरी बन्यो भन्ने होइन; सरकारले राज्य कसरी बदल्छ भन्ने हो ।

विश्व बैंकको पछिल्लो नेपाल विकास अद्यावधिकले पनि नेपालको अर्थतन्त्रमा संरचनागत कमजोरी, कमजोर निजी क्षेत्र, सीमित रोजगारी सिर्जना र वैदेशिक रोजगारीमाथिको उच्च निर्भरता कायम रहेको देखाएको छ । २०२५ को युवा आन्दोलनपछि भएको आर्थिक क्षति समेत करिब कुल गार्हस्थ्य उत्पादनको १.३ प्रतिशत बराबर अनुमान गरिएको छ । यसले एउटा गम्भीर प्रश्न जन्माउँछ- नेपालमा सरकार परिवर्तन भइरहेको छ, तर नागरिकको जीवन किन अपेक्षित गतिमा परिवर्तन भइरहेको छैन ?

### परिवर्तनको राजनीतिको सबैभन्दा कठिन परीक्षा

नेपालले पछिल्ला दशकमा शासन व्यवस्था धेरैपटक बदल्यो । राजतन्त्रबाट गणतन्त्र, एकात्मकबाट संघीय संरचना, द्वन्द्वबाट शान्ति, संविधान निर्माणदेखि नयाँ दलहरूको उदयसम्म नेपाली समाजले ठूल्ठूला राजनीतिक रूपान्तरण देख्यो । तर राजनीतिक परिवर्तन र सामाजिक-आर्थिक रूपान्तरण एउटै कुरा होइनन् । व्यवस्था बदलिन सक्छ, संविधान बदलिन सक्छ, निर्वाचनबाट नयाँ दल आउन सक्छ र प्रधानमन्त्रीको अनुहार पनि बदलिन सक्छ । तर राज्यको निर्णय गर्ने संस्कार, प्रशासनको कार्यशैली, सार्वजनिक स्रोतको वितरण, भ्रष्टाचारको संरचना, राजनीतिक संरक्षण र नागरिकप्रतिको जवाफदेहिताको संस्कृति नबदलिएसम्म नागरिकले परिवर्तनको अनुभूति गर्न सक्दैन ।

त्यसैले आजको नेपालमा सबैभन्दा ठूलो प्रश्न सरकारको होइन, राज्यको चरित्रको हो । नयाँ पुस्ताले पुराना दललाई अस्वीकार गर्नुको पछाडि केवल राजनीतिक फेसन थिएन। त्यसको पछाडि वर्षौंदेखि जम्मा भएको निराशा थियो–रोजगारी नपाएको निराशा, अवसरमा पहुँच नपाएको निराशा, राज्यबाट न्याय नपाएको निराशा र आफूले तिरेको करको बदलामा गुणस्तरीय सेवा नपाएको निराशा ।

नेपालको युवा आन्दोलनले यही असन्तोषलाई राजनीतिक शक्तिमा रूपान्तरण गऱ्यो । विश्व बैंकले पनि २०२५ को आन्दोलनले युवाको शासन र आर्थिक अवसरप्रतिको असन्तुष्टि उजागर गरेको उल्लेख गरेको छ । अब नयाँ सरकारको सबैभन्दा ठूलो चुनौती यही हो–उसले त्यो असन्तोषलाई शासन सुधारमा रूपान्तरण गर्न सक्छ कि सक्दैन ?

### नयाँ अनुहार, पुरानो राज्य ?

नयाँ प्रधानमन्त्री हुनु आफैंमा परिवर्तनको प्रमाण होइन । नयाँ राजनीतिक दल सत्तामा पुग्नु पनि परिवर्तनको अन्तिम बिन्दु होइन । परिवर्तन त्यतिबेला देखिन्छ, जब सरकारी कार्यालयमा नागरिकले घुस नदिई काम पाउँछ; जब किसानले उत्पादनको उचित मूल्य पाउँछ; जब युवाले विदेश जानुलाई बाध्यता होइन, विकल्पका रूपमा हेर्न सक्छ; जब उद्योगीले नीति फेरिने डरमा लगानी रोक्दैन; जब सार्वजनिक अस्पतालमा उपचार पाउन राजनीतिक पहुँच आवश्यक पर्दैन; जब अदालतको ढोका न्यायका लागि खुला हुन्छ र जब राज्यको शक्ति नागरिकलाई नियन्त्रण गर्न होइन, नागरिकको जीवन सहज बनाउन प्रयोग हुन्छ ।

त्यसैले बालेन्द्र शाह सरकारको सफलता सडकमा कति लोकप्रिय भयो भन्ने कुराले मात्र निर्धारण गर्नेछैन । यसको परीक्षा प्रशासनिक सुधार, आर्थिक उत्पादन, रोजगारी, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा र संस्थागत जवाफदेहितामा हुनेछ । दक्षिण एसियाका पछिल्ला अनुभवले पनि यही देखाएका छन् । श्रीलंकामा २०२२, बंगलादेशमा २०२४ र नेपालमा २०२५ मा युवा तथा जनआन्दोलनले स्थापित सत्तालाई चुनौती दिए । यी आन्दोलनका कारण फरक भए पनि आर्थिक संकट, राजनीतिक मथकागलअतष्यल, भ्रष्टाचार, अवसरको अभाव र सामाजिक सञ्जालमार्फत तीव्र राजनीतिक परिचालनमा उल्लेखनीय समानता देखिन्छ । यसकारण नेपालमा भएको परिवर्तनलाई केवल नेपालको कथा भनेर बुझ्नु पनि गलत हुन्छ ।

### दक्षिण एसियामा उठेको नयाँ हुरी

दक्षिण एसिया अहिले राजनीतिक संक्रमणको नयाँ चरणमा छ । श्रीलंकाले आर्थिक संकटबाट राजनीतिक विस्फोट देख्यो । बंगलादेशले विद्यार्थी आन्दोलनबाट सत्ता परिवर्तनको अनुभव गऱ्यो । नेपालमा युवा असन्तोषले पुरानो राजनीतिक समीकरण भत्कायो। भारतमा समेत बेरोजगारी, अवसरको असमानता र राज्यको जवाफदेहितामाथि प्रश्न उठाउने नयाँ युवा राजनीतिक प्रवृत्तिहरू देखिन थालेका छन् । यी घटनालाई एउटै ढाँचामा राखेर हेर्नु ठीक हुँदैन । प्रत्येक देशको इतिहास, अर्थतन्त्र, राज्य संरचना र राजनीतिक संस्कृति फरक छ। तर एउटा साझा मनोविज्ञान भने स्पष्ट हुँदै गएको छ– नयाँ पुस्ता अब केवल शासन परिवर्तन चाहँदैन; ऊ जीवनको सम्भावना परिवर्तन चाहन्छ । उसको राजनीतिक प्रश्न अब केवल "कसले शासन गर्छ ?" भन्ने छैन ।

उसको प्रश्न हो "मेरो भविष्य कहाँ छ ?" यही प्रश्नले दक्षिण एसियाको राजनीतिलाई नयाँ दिशातर्फ धकेलिरहेको छ । पुरानो राजनीतिले विचारधारा, जातीयता, क्षेत्र, वर्ग र पार्टी संगठनका आधारमा नागरिकलाई संगठित गर्थ्यो । नयाँ पुस्ता भने रोजगारी, शिक्षा, प्रविधि, अवसर, पारदर्शिता र व्यक्तिगत भविष्यका प्रश्नमा संगठित हुँदैछ ।

यो परिवर्तनलाई बुझ्न नसक्ने राजनीतिक शक्ति चुनाव जिते पनि समाज जित्न सक्दैन । तर के यो केवल सामाजिक चेतनाको परिवर्तन हो ? होइन । यसको पछाडि विश्व अर्थराजनीतिको ठूलो परिवर्तन पनि छ । आज नेपालको अर्थतन्त्र संसारसँग गहिरोसँग जोडिएको छ । वैदेशिक रोजगारी, विप्रेषण, पर्यटन, आयात, पेट्रोलियम, वैदेशिक लगानी, ऋण, विकास सहायता र अन्तर्राष्ट्रिय बजारका उतारचढावले नेपाली जनजीवनलाई प्रत्यक्ष प्रभावित गर्छन् । मध्यपूर्वमा युद्ध भयो भने त्यसको असर नेपालको पेट्रोलियम मूल्यमा आउँछ । त्यहाँ

बाँकी पृष्ठ ३ ▸▸

## औरहीका तत्कालीन प्रशासकीय ............

अधिकृत अमरेन्द्र कुसियैतसहित चार जना विरुद्ध आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगले औरही गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्दा माछाका भूरा र दानालगायत खरिद वितरणका क्रममा झुट्टा बिल भरपाईका आधारमा बढी भुक्तानी लिई भ्रष्टाचार गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

आयोगका अनुसार तत्कालीन प्रशासकीय अधिकृत कुसियैतसहित पशु शाखा प्रमुख रमेशनारायण शर्मा, लेखापाल आशिषकुमार कामती र औरही गाउँपालिकाका-४ स्थित प्रगतिशील कृषक समूहका अध्यक्ष रामभजन यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

उनीहरुमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो रकम रु आठ लाख दुई हजार ८७८ कायम गरी सजाय गर्न मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## आजको राशिफल

**मेष** : दिन राम्रो छ । बौद्धिक व्यक्तिसँग भेट हुनेछ । प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ ।

**बृष** : दिन सामान्य छ । अभिभावकले दिएको आशिर्वादले मात्र तपाईंको दिन सहज बन्नेछ ।

**मिथुन** : दिन राम्रो छ । परिवारको साथ र सहयोग मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**कर्कट** : दिन राम्रो छ । धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ । पारिवारिक मेलमिलाप हुनेछ ।

**सिंह** : दिन राम्रो छ । नयाँ व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।

**कन्या** : दिन सामान्य छ । तपाईंको बोलीका कारण साथीभाई टाढा हुनेछन् । परिवारको सल्लाहमा गरेको काम सफल बन्नेछ ।

**तुला** : दिन राम्रो छ । जिम्मेवारी थपिने छ । दाजुभाइसँगको सहकार्यले फाइदा हुनेछ । जग्गाको कारोबारबाट भने फाइदा हुनेछ ।

**वृश्चिक** : दिन सामान्य राम्रो छ । आफन्त टाढिने जोखिम छ । राजनीतिक नेतृत्वको साथमा महत्त्वपूर्ण काम बन्नेछ ।

**धनु** : दिन राम्रो छ । विदेशमा गरेको लगानीबाट नाफा हुनेछ । व्यापारमा हिम्मत गर्नुपर्ने देखिन्छ ।

**मकर** : संघर्ष गर्नुपर्ने दिन छ । बौद्धिक व्यक्तिसँग सल्लाह लिएर काम गर्नुपर्ने दिन छ ।

**कुम्भ** : दिन राम्रो छ । वैदेशिक रोजगारीमा नाफा हुनेछ । बौद्धिक व्यक्तिसँगको परामर्शमा काम गर्दा फाइदा हुनेछ ।

**मीन** : दिन राम्रो छ । कृषि र फलफूलको व्यापार गरेमा फाइदा हुने योग छ । प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# प्रेम विवाहको दुई महिनामै नवविवाहिताको शंकास्पद मृत्यु, माइती पक्षद्वारा हत्याको आरोप

**अपन दैनिक संवाददाता**
**रौतहट, भदौ १८ गते**



रौतहटको देवाही गोनाही नगरपालिका-३ गोठटोलमा प्रेम विवाह गरेको दुई महिनामै एक नवविवाहिताको शंकास्पद मृत्यु भएको छ। मृतकका माइती पक्षले उनको हत्या गरी आत्महत्या जस्तो देखाउन खोजिएको आरोप लगाएका छन्।

देवाही गोनाही-३ का २२ वर्षीय रौनक राज पटेलले गत असार १९ गते गरुडा नगरपालिका-७ पिपरिया निवासी १८ वर्षीया सुमेदी कुमारी पटेललाई परिवारको सहमतिविना भगाएर प्रेम विवाह गरेका थिए। विवाहपछि सुमेदी रौनककै घरमा बस्दै आएकी थिइन्।

भदौ १७ गते बुधवार सुमेदी घरको भान्सा कोठामा सालको पासो लगाई झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। बुधवार बिहान ५ बजे मृतककी सासुले भान्सा कोठामा बुहारी लाई झुण्डिएको अवस्थामा हेरेर प्रहरीलाई खबर गरेको ईलाका प्रहरी कार्यालय देवाही गोनाहिले जनाएको छ।

घटनापछि उनको शव बिहीबार प्रादेशिक अस्पताल गौरमा पोस्टमार्टम गरिएको थियो। पोस्टमार्टमपछि बिहीबार बेलुकी उनको अन्त्येष्टि गरिएको प्रहरीले जनाएको छ।

मृतकका बुवा लालबाबु पटेलले विवाहपछि छोरीमाथि दाइजोको नाममा मानसिक तथा शारीरिक यातना दिने गरेको आरोप लगाएका छन्। उनका अनुसार रौनक, उनका बुवा सुभाष पटेल र बहिनीले ६ भर सुन, मोटरसाइकल, नगद तथा अन्य सामग्री दाइजोमा माग गरेका थिए।

दाइजो दिन अस्वीकार गरेपछि छोरीमाथि कुटपिट, दुर्व्यवहार र मानसिक यातना बढ्दै गएको माइती पक्षको दाबी छ। यही कारण छोरीको हत्या गरी झुन्ड्याएर आत्महत्या जस्तो देखाइएको हुनसक्ने लालबाबुले आशंका गरेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले पोस्टमार्टम रिपोर्ट आएपछि मात्रै मृत्युको कारण यकिन हुने बताएका छन्।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यका अनुसार माइती पक्षले रौनकसहितका व्यक्तिविरुद्ध बिहीवार कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिन खोजेका थिए। तर पोस्टमार्टम रिपोर्ट आएपछि घटनाको प्रकृतिअनुसार कानुनी प्रक्रिया अघि बढाउने सहमति भएपछि उनीहरू फर्किएको उनले बताएका छन्।

मृतकका आफन्तले घटनाको निष्पक्ष अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउन र दोषी देखिए कानुनी कारवाही गर्न माग गरेका छन्।

## अदालतका फैसला कार्यान्वयन रोक्न माग ............

गर्नुपर्ने तथा पीडितका समस्या समाधानका लागि जिल्लास्तरमा प्रभावकारी समन्वय र सहजीकरणको व्यवस्था गर्नुपर्ने माग गरिएको छ।

आन्दोलनकारीहरूले आफूहरूले पटक-पटक सम्बन्धित निकायमा समस्या राख्दै आए पनि अपेक्षित रूपमा समाधान हुन नसकेको गुनासो गरेका छन्। कतिपय अवस्थामा पीडितको अवस्थालाई बेवास्ता गर्दै मुद्दा तथा फैसला अघि बढाइएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन्।

मिटरब्याजपीडित संघर्ष समितिले सरकारसँग भएका सहमति कार्यान्वयन गरी पीडितलाई न्यायको अनुभूति हुने वातावरण बनाउन माग गरेको छ। माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत समितिले दिएको छ।




## नेपालको संकट: शासनको कि ............

रोजगारीको संकट भयो भने नेपाली श्रमिकको आम्दानीमा असर पर्छ। विश्व अर्थतन्त्र सुस्त भयो भने पर्यटन र लगानी प्रभावित हुन्छ। विश्व बजारमा खाद्यान्न, मल वा इन्धनको मूल्य बढ्यो भने त्यसको भार नेपाली उपभोक्ताले बोक्नुपर्छ।

विश्व बैंकले नेपालको आर्थिक वृद्धिदरमा मध्यपूर्वको द्वन्द्व, पर्यटनमा सम्भावित कमी, इन्धनको बढ्दो मूल्य र विप्रेषणमा पर्ने जोखिमलाई महत्वपूर्ण बाह्य चुनौतीका रूपमा औंल्याएको छ। त्यसैले नेपालमा महँगी बढ्दा केवल अर्थमन्त्रीलाई दोष दिएर पुग्दैन। तर विश्वबजारलाई दोष दिएर घरेलु कमजोरी लुकाउन पनि मिल्दैन। बाह्य धक्का अपरिहार्य हुन सक्छ; त्यसको सामना गर्ने राज्यको क्षमता भने नेपालको आफ्नै जिम्मेवारी हो।

**नेपालको वास्तविक कमजोरी कहाँ छ ?**

नेपालको सबैभन्दा ठूलो कमजोरी प्राकृतिक स्रोतको अभाव होइन। समस्या स्रोत परिचालन गर्ने क्षमता हो। हामीसँग जलस्रोत छ, तर उत्पादनको गति अपेक्षाअनुसार छैन। हामीसँग कृषि भूमि छ, तर कृषिमा निर्भर परिवारको आम्दानी अस्थिर छ। हामीसँग हिमाल, संस्कृति र जैविक विविधता छ, तर पर्यटनको सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन सकेको छैन। हामीसँग ठूलो युवा जनशक्ति छ, तर लाखौं युवा विदेशमा श्रम बेच्न बाध्य छन्।

हामीसँग संविधान छ, संघीय संरचना छ, स्थानीय सरकार छन्। तर नागरिकले राज्यलाई आफ्नो जीवनको सहज सहयोगीका रूपमा अनुभूति गर्न सकेको छैन। विश्व बैंकको विश्लेषणअनुसार नेपालले गरिबी न्यूनीकरणमा उल्लेखनीय सफलता हासिल गरे पनि क्षेत्रीय तथा विश्व अर्थतन्त्रको तुलनामा आर्थिक वृद्धि कमजोर रहँदै आएको छ र पर्याप्त गुणस्तरीय रोजगारी सिर्जना हुन सकेको छैन।

यसैले नेपालको संकटलाई एउटा वाक्यमा भन्नुपर्दा- हामीसँग सम्भावना धेरै छ, तर सम्भावनालाई परिणाममा बदल्ने राज्य क्षमता कमजोर छ।

**विश्वव्यवस्था बदलिँदैछ, नेपालले के गर्ने ?**

विश्व अहिले शीतयुद्धपछिको पुरानो एकध्रुवीय संरचनाबाट बहुध्रुवीय प्रतिस्पर्धातर्फ बढिरहेको छ। अमेरिका, चीन, भारत, युरोप र अन्य क्षेत्रीय शक्तिहरूबीच आर्थिक, प्राविधिक, सुरक्षा र रणनीतिक प्रतिस्पर्धा तीव्र भइरहेको छ। नेपालका लागि यसको अर्थ अत्यन्त गम्भीर छ। भारत र चीनबीचको भूगोलमा रहेको नेपाल अब केवल दुई छिमेकीबीचको पुल मात्र होइन; हिमालय, जलस्रोत, पूर्वाधार, ऊर्जा, व्यापार र क्षेत्रीय सम्पर्कका कारण उसको रणनीतिक महत्व पनि बढिरहेको छ।

तर नेपालको चुनौती शक्ति रोज्नु होइन। नेपालले आफ्नो राष्ट्रिय हित रोज्न सक्नुपर्छ। कुनै शक्तिको विरोध गरेर राष्ट्रवादी भईदैन। कुनै शक्तिको अन्धसमर्थन गरेर पनि राष्ट्रिय हित सुरक्षित हुँदैन। नेपाललाई चाहिएको हो- सन्तुलित कूटनीति, स्पष्ट राष्ट्रिय प्राथमिकता र आर्थिक आत्मनिर्भरतातर्फको रणनीति।

विश्वव्यवस्थाको प्रतिस्पर्धामा कमजोर राज्यहरू अरूको रणनीतिक मैदान बन्न सक्छन्। बलियो संस्थाहरू, उत्पादनमुखी अर्थतन्त्र र स्पष्ट राष्ट्रिय हित भएका राज्यहरू भने प्रतिस्पर्धालाई अवसरमा बदल्न सक्छन्। सुशासनको अर्थ केवल भ्रष्टाचारविरोधी नारा होइन। नेपालमा सुशासन भन्ने शब्द धेरै प्रयोग भयो। तर सुशासनलाई भ्रष्टाचारविरोधी अभियानमा मात्र सीमित गरियो भने त्यसले राज्यको मूल समस्या समेट्दैन।

सुशासन भनेको नीति स्थिरता हो। छिटो निर्णय हो। जवाफदेही प्रशासन हो। निष्पक्ष न्याय होसार्वजनिक खर्चको प्रभावकारिता हो। योग्यतामा आधारित नियुक्ति हो। नागरिकप्रति सम्मान हो। र सबैभन्दा महत्वपूर्ण-राज्यको शक्ति सीमित र पारदर्शी हुनु हो।

नयाँ सरकारले भ्रष्टाचारविरुद्ध कठोर कदम चाल्न सक्छ। तर भ्रष्टाचारका केही व्यक्तिलाई कारबाही गर्दै संरचनागत भ्रष्टाचारलाई छोडियो भने त्यसले अर्को चक्र जन्माउँछ। नेपाललाई अब व्यक्तिको शुद्धता मात्र होइन, प्रणालीको शुद्धता चाहिएको छ।

**अब युवाको पनि परीक्षा छ**

आजसम्म हामीले युवालाई परिवर्तनको वाहक भन्यौं। तर सत्ता परिवर्तनपछि युवाको पनि परीक्षा सुरु भएको छ। सडकमा प्रश्न उठाउनु सजिलो हुन्छ। शासन चलाउनु कठिन हुन्छ। सत्तालाई आलोचना गर्नु सजिलो हुन्छ। सीमित स्रोतमा प्राथमिकता तय गर्नु कठिन हुन्छ। भ्रष्टाचारविरुद्ध नाराबाजी गर्नु सजिलो हुन्छ। आफ्नै राजनीतिक संरचनामा पारदर्शिता लागू गर्नु कठिन हुन्छ। त्यसैले नयाँ पुस्ताले पनि आफूलाई केवल पुरानो पुस्ताको विकल्पका रूपमा होइन, नयाँ राजनीतिक संस्कारको वाहकका रूपमा प्रमाणित गर्नुनेछ।

दक्षिण एसियाका नयाँ सरकारहरूबारे गरिएको पछिल्लो विश्लेषणले पनि जनादेश बलियो हुँदैमा स्थिरता सुनिश्चित नहुने र लोकप्रिय अपेक्षा पूरा गर्न नसके नयाँ सरकारमाथि पनि असन्तोष फर्किन सक्ने चेतावनी दिएको छ। नेपालका लागि यो चेतावनी गम्भीर छ।

**संकटको समाधान कहाँ छ ?**

नेपाललाई अब अर्को ठूलो राजनीतिक नाराभन्दा राष्ट्रिय पुनर्निर्माणको व्यावहारिक योजना चाहिएको छ। पहिलो- कृषिलाई निर्वाहमुखीबाट उत्पादनमुखी बनाउने। दोस्रो- जलविद्युत्लाई केवल विद्युत् बेच्ने होइन, उद्योग र रोजगारी सिर्जना गर्ने आधार बनाउने। तेस्रो-सूचना प्रविधि, पर्यटन र सेवा क्षेत्रलाई नयाँ अर्थतन्त्रको मेरुदण्ड बनाउने। चौथो-देशभित्र रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई राजनीतिक र प्रशासनिक झन्झटबाट मुक्त गर्ने। पाँचौं- सार्वजनिक प्रशासनलाई परिणाममा आधारित बनाउने। छैटौं- शिक्षालाई प्रमाणपत्र उत्पादन गर्ने प्रणालीबाट सीप र अनुसन्धानमुखी बनाउने। सातौं- वैदेशिक रोजगारीलाई बाध्यता होइन, सीप र पूँजी निर्माणको चरण बनाउने। आठौं- विप्रेषणलाई उपभोगमा मात्र होइन, उत्पादन र लगानीमा परिचालन गर्ने। नवौं- भारत, चीन र विश्वका अन्य शक्तिसँग सम्बन्धलाई राष्ट्रिय आर्थिक हितसँग जोड्ने। दसौं- राजनीतिक स्थिरतालाई सत्ता टिकाउने माध्यम होइन, विकासको पूर्वाधार बनाउने। अन्ततः संकट शासनको पनि हो, विश्वव्यवस्थाको पनि। नेपालको संकटको सम्पूर्ण जिम्मा विश्वव्यवस्थालाई दिन मिल्दैन।

हाम्रो भ्रष्टाचार बाहिरबाट आएको होइन। हाम्रो प्रशासनिक ढिलासुस्ती बाहिरबाट आएको होइन। हाम्रो कमजोर उत्पादन संरचना बाहिरबाट आएको होइन। हाम्रो राजनीतिक अस्थिरता पनि केवल बाह्य षड्यन्त्रको परिणाम होइन। तर अर्कोतर्फ नेपालको अर्थतन्त्र, सुरक्षा, कूटनीति, श्रम बजार र विकास विश्वव्यवस्थाबाट अलग पनि छैन।

त्यसैले सही उत्तर हो- नेपालको संकट शासनको पनि हो, विश्वव्यवस्थाको पनि हो; तर समाधानको पहिलो जिम्मेवारी नेपालको आफ्नै हो। विश्वव्यवस्था बदलिरहन्छ। बजार बदलिन्छ। शक्तिको केन्द्र बदलिन्छ। प्रविधि बदलिन्छ। छिमेकीहरूको रणनीति बदलिन्छ। युद्ध र शान्तिको चक्र बदलिन्छ। तर नेपालले आफ्नो राज्य क्षमता बदल्न सकेन भने बाह्य परिवर्तन हरेकपटक संकट बनेर आउनेछ। तर नेपालले सुशासन, उत्पादन, शिक्षा, प्रविधि, ऊर्जा, पर्यटन, कृषि, कूटनीति र राष्ट्रिय एकताको नयाँ आधार निर्माण गर्न सक्यो भने यही बदलिँदो विश्वव्यवस्था अवसर पनि बन्न सक्छ। आज नेपाल एउटा सरकारको परीक्षामा मात्र छैन।

नेपाल एउटा पुस्ताको परीक्षामा छ। नयाँ प्रधानमन्त्रीको परीक्षा छ। नयाँ राजनीतिक शक्तिको परीक्षा छ। पुराना राजनीतिक दलको पनि परीक्षा छ। प्रशासनको परीक्षा छ। नागरिक चेतनाको पनि परीक्षा छ। र सबैभन्दा ठूलो परीक्षा राज्यको चरित्रको छ। किनकि इतिहासले अन्ततः यही प्रश्न सोध्नेछ- युवाले सत्ता बदलेपछि राज्य बदलियो कि फेरि केवल सत्ताको अनुहार मात्र बदलियो ?

यदि उत्तर फेरि पनि "अनुहार बदलियो, जीवन बदलिएन" भयो भने नेपालले अर्को राजनीतिक विस्फोटको बीउ आफैं रोपिरहेको हुनेछ। तर यदि यसपटक राजनीतिक परिवर्तनलाई आर्थिक उत्पादन, सामाजिक न्याय, सुशासन र राष्ट्रिय स्वाभिमानसँग जोड्न सकियो भने- आजको संकट नै नेपालको नयाँ यात्राको सुरुवात बन्न सक्छ। नेपाललाई अब अर्को परिवर्तनको प्रतीक्षा होइन, भएको परिवर्तनलाई परिणाममा बदल्ने क्षमता चाहिएको छ।

र यही नै आजको सबैभन्दा ठूलो प्रश्न हो- नेपालको संकट शासनको कि विश्वव्यवस्थाको ? उत्तर खोज्दा औंला बाहिर होइन, पहिले आफ्नै राज्यतर्फ फर्काउनुपर्छ। अनि मात्र बदलिँदो विश्वव्यवस्थालाई अवसरमा बदल्ने साहस गर्न सकिन्छ।



# रसुवा बाढीमा मानवीय क्षति १ हजार २५९, ५ हजार ८३ अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १८ गते**



रसुवालगायतका क्षेत्रमा आएको बाढी तथा पहिरोमा परी हालसम्म १ हजार २५९ जनाको मानवीय क्षति भएको छ भने ५ हजार ८३ जना अझै सम्पर्कविहीन रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणले बिहीबार साँझ ७ बजेसम्म सार्वजनिक गरेको खोज, उद्धार तथा राहतसम्बन्धी विवरणअनुसार रसुवामा १२७, नुवाकोटमा १७७, धादिङमा ६०, गोरखामा ७२, तनहुँमा ३८, नवलपरासी पूर्वमा २१८, नवलपरासी पश्चिममा २१२ र चितवनमा ३५५ जनाको शव फेला परेको छ।

प्राधिकरणका अनुसार विभिन्न स्थानबाट हालसम्म १२ हजार ३८ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये नेपाली सेनाले हेलिकोप्टर तथा स्थलगत मार्फत विदेशी २७३ जना र नेपाली ३ हजार ८५३ जनाको उद्धार गरेको जनाएको छ।

नेपाल प्रहरीले ३ हजार ९८८ र सशस्त्र प्रहरी बल संयुक्त ३ हजार ९२४ जनाको उद्धार गरेको जनाएको छ।

बाढी तथा पहिरोमा परी उपचार गरिएका घाइते संख्या ५ हजार ३८४ जनाको उपचार गरिएको छ। विभिन्न अस्पतालमा उपचार भएको ३०४ जना, नेपाली सेनाबाट ३ हजार २०६ जना र सशस्त्र प्रहरीबाट १ हजार ८७४ जनालाई स्वास्थ्य उपचार उपलब्ध गराइएको प्राधिकरणको विवरणमा उल्लेख छ।

विपद्पछि खोज तथा उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालसहित २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन गरिएको छ। जसमा नेपाल प्रहरीका ७ हजार ९१२, नेपाली सेनाका ९ हजार २८७ र सशस्त्र प्रहरी बल नेपालका ४ हजार २०३ जना छन्।

प्रभावित क्षेत्रमा हाल ३ हजार ८४४ जना होल्डिङ सेन्टरमा रहेका छन्। नुवाकोटमा २ हजार ९८१, धादिङमा २६०, रसुवामा ६०३ जना होल्डिङ सेन्टरमा रहेको विवरणमा उल्लेख छ।

उद्धार तथा राहतका लागि प्रभावित क्षेत्रमा हालसम्म ६९ ट्रक र ३८ बोलेरो मार्फत खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ। हेलिकोप्टरबाट समेत राहत सामग्री ढुवानी भइरहेको तथा मंगलबार थप ११ वटा गाडीमार्फत राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको प्राधिकरणले जनाएको छ।

विपद् प्रभावित क्षेत्रमा ४० हजार लिटर डिजेल, २२ हजार लिटर पेट्रोल र १८ हजार लिटर हवाई इन्धन मौज्दात रहेको विवरणमा उल्लेख छ।

यसैगरी, सरकारले रसुवाका लागि १ करोड, नुवाकोटका लागि १ करोड र धादिङका लागि ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ। प्रभावित १५ पालिकाका लागि १३ करोड ५० लाख रुपैयाँ निकासा गरिएको प्राधिकरणले जनाएको छ।

प्रभावित क्षेत्रमा सञ्चार सेवा पनि प्रभावित भएको छ। नेपाल टेलिकमका ११० टावरमा क्षति पुगे पनि हाल सबै सञ्चालनमा रहेको तथा एनसेलका ७८ टावरमा क्षति पुगेकामा ७५ वटा टावर सञ्चालनमा ल्याइएको प्राधिकरणको विवरणमा उल्लेख छ।

सम्पर्कविहीनमध्ये नेपाली तथा विदेशी नागरिकसमेत रहेका छन्। उनीहरूको खोजी तथा उद्धार कार्य जारी रहेको प्राधिकरणले जनाएको छ। पछिल्लो विवरणअनुसार उद्धार कार्य सडक तथा भौतिक संरचना क्षतिग्रस्त भएका कारण चुनौतीपूर्ण बनेको छ।




## ऋण काढेर बाढीमा बेपत्ता छोराको खोजीमा ............

गृहबाहिर राखिएका तस्बिरहरू चिन्नै नसकिने खालका थिए।

त्यहाँ विनोदको कुनै सुराक वा नाम भेटिएन। त्यसपछि टोल्का छोराले काम गर्ने जलविद्युत् आयोजनाको नजिक पर्ने नुवाकोटतर्फ (काठमाडौंबाट करिब ६० किमी टाढा) पैदलै अघि बढे। भत्किएका सडकहरूमा घण्टौंको कठिन पैदल यात्रापछि उनीहरू त्रिशूली पुगे। त्रिशूली बजार अहिले लेदो र भग्नावशेषले ढाकिएको छ।

'गएराति यहाँ पुग्दा एक लजले बस्नका लागि १५ सय रुपैयाँ लियो, उनीहरूले अलिकति मात्र भात दिए जसले हाम्रो भोक पनि मेटिएन' टोल्काले भने, 'अब यहाँ अर्को रात बस्नुपर्‍यो भने मेरो बाँकी पैसा सिद्धिनेछ र घर फर्कन केही बाँकी रहनेछैन।'

टोल्का र उनका भाइ शवगृह तथा उद्धारका लागि खटिएका सैन्य क्याम्पहरूमा पुग्न चाहन्छन्, तर उनीहरूलाई पटक-पटक फर्काइएको छ। उनीहरू आफ्नो पुकार सुनुवाइ नहुनुमा नेपालको जातीय र साम्प्रदायिक भेदभाव कारक रहेको ठान्छन्।

तराईका मुसहर समुदायका उनीहरू आफूहरूलाई भाषा र आर्थिक अवस्थाका कारण हेपिएको महसुस गर्छन्। 'हामी गरिब छौं, उनीहरू हामीलाई मधेशी र बिहारी ठान्छन्, हामी नेपाली खरर बोल्न सक्दैनौं जसले गर्दा उनीहरू हामीलाई धकेल्छन् र यताउति दौडाउँछन्,' टोल्काले रुँदै भने, 'शव नै भए पनि हेर्ने हाम्रो अधिकार छ, हामीले प्रहरी चौकीदेखि सेनाको क्याम्पसम्म नाम दर्ता गराएका छौं तर कसैले सहयोग गरिरहेका छैनन्।'


नेपाली अधिकारीहरू भने विपद्को विशाल रूपका कारण उद्धार कार्य चुनौतीपूर्ण बनेको र सबै प्रभावितहरूसम्म पुग्ने प्रयास भइरहेको बताउँछन्। यस विपद्मा १ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने हजारौं अझै बेपत्ता छन्।

दाजुभाइले विनोदको फोनमा बारम्बार डायल गर्छन्, तर कुनै सम्पर्क हुन सकेको छैन। घरमा सबैको मन टुटेको छ। 'मेरो छोरा सानै छ, उ ज्यामी काम गर्ने भएकाले फुर्तिलो छ, उ पक्कै कतै भागेर वा हिँडेर ज्यान जोगाउन सफल भयो होला,' टोल्का एकातिर चमत्कारको आशा गर्छन् भने अर्कोतिर निराशा पोख्छन्, 'मलाई अब कुनै आशा छैन, यदि विनोद जीवितै भएको भए पानी खान गएको बेला भए पनि कतैबाट फोन पक्कै गर्थ्यो।'

तर, अझै पनि हार मान्ने पक्षमा उनीहरू छैनन्। उनीहरू विनोदले काम गर्ने जलविद्युत् आयोजनातर्फको यात्रा जारी राख्ने तयारी गर्दैछन्। टोल्का आक्रोशित हुँदै भन्छन्, 'यदि कसैले जवाफ दिएन वा सहयोग गरेन भने हामीले प्रहरी चौकीमा आगो लगाउनुपर्ने हुन्छ।'

# ब्यारेज बनेको ३१ वर्षसम्म पनि किसानले सिँचाइ सुविधा पाएनन्

**अपन दैनिक संवाददाता**
**सर्लाही, भदौ १८ गते**



सर्लाहीको बलरामा व्यवस्थित नहरको अभावमा ठूलो धनराशि खर्च गरेर निर्माण गरिएको ब्यारेज तीन दशकसम्म पनि सञ्चालनमा आउन सकेको छैन।

बलरा नगरपालिका-१० र रामनगर गाउँपालिका-१ को सिमाना सुदामामा निर्माण भएको सिँचाइ ब्यारेज ३१ वर्षदेखि अलपत्र अवस्थामा छ। बाह्रै महिना पानी बग्ने एकादशी खोलामा २०५२ सालमा ब्यारेज निर्माण गरिएको थियो। सुदामा, छोटउल, अचलगढ, बलरा अर्नाह, मिर्जापुर, छतौना, खेअर्वा, रामनगर बहुअर्वालगायत साविक दर्जन बढी गाविसका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यसहित निर्माण भएको ब्यारेज प्रयोग नै नभई अलपत्र बनेको हो।

ब्यारेज ६ करोड लागतमा निर्माण भएको थियो। कृषिको उर्वर भूमिका रूपमा रहेको यस क्षेत्रमा सिँचाइको भरपर्दो सुविधा नहुँदा किसान वर्षाको पानीको भरमा खेती गर्न बाध्य छन्। यस क्षेत्रका सयौं बिघा खेतीयोग्य भूभाग वर्षामा जलमग्न र हिउँदमा खण्डहर बन्ने गरेको बलरा नगरपालिका-५ मिर्जापुरका किसान शङ्कर साहले गुनासो गरे। "ब्यारेजसँग जोडिएको एउटा नहर छ", उनले भने, "त्यो पनि अव्यवस्थित छ।"

नहरबाट आएको पानी वर्षायाममा अनियन्त्रित भई ब्यारेज नजिकका केही किसानको खेतसम्म पुग्छ। बाँकी क्षेत्रका किसानले पम्पसेट र विद्युत् मोटरको भरमा जेनतेन खेती गरिरहेका उनको गुनासो छ।

यसरी गरिएको खेती मौसम प्रतिकूल हुँदा खेर जाने गरेको उहाँको अनुभव छ। ब्यारेज निर्माण भएको ठाउँ जिल्लाको दक्षिणपश्चिम क्षेत्रमा पर्छ। उत्तरी क्षेत्र रामनगर गाउँपालिकाका भूभागमा सिँचाइ गर्न नसकिएको स्थानीय जनप्रतिनिधिको भनाइ छ।

"यहाँको भूभाग कोल्टे पर्छ", रामनगर गाउँपालिकाका अध्यक्ष राजाबाबु यादवले भने, "सुरुमा हालको रामनगर र बलराको लागि भनेर ब्यारेज निर्माण भएको देखिन्छ। गलत ठाउँ परेकाले रामनगरका किसानको लागि त्यो उपयुक्त भएन। ब्यारेजबाट पानी उत्तरतर्फ आउँदैन। त्यसैले सोही खोलाको माथिल्लो स्थानमा बाँध निर्माण गरेर सिँचाइ सुविधा पुर्‍याइरहेका छौं।"

नहर निर्माण गरी व्यवस्थित गर्नसके हालको बलरा नगरपालिकाका सम्पूर्ण खेतीयोग्य भूभागमा सिँचाइ सुविधा पुग्ने नगरप्रमुख रामाशङ्कर प्रसाद कुशवाहाले बताए। ब्यारेज नै अलपत्र पर्दा समस्या भएको उहाँको भनाइ छ। ब्यारेजको संरक्षण स्वामित्व कसैले नलिएकाले जीर्ण बनेको उनले स्वीकार गरे। आफू नगरप्रमुख भएर आएपछि बजेट विनियोजन गरी ब्यारेजको सामान्य मर्मत सम्भार गरेको उनको भनाइ छ।

नगरपालिकाले गत आर्थिक वर्षको बजेटमा ब्यारेज मर्मत तथा सौन्दर्यकरणका लागि बजेट विनियोजन गरेको थियो। ब्यारेज र पार्कलाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने नीति लिएको उनले बताए। सङ्घ र प्रदेश सरकारसँग व्यवस्थापनसँगै नहर निर्माण योजना पेस गरेको नगरप्रमुख कुशवाहाले बताए। ब्यारेजका लागि गत आर्थिक वर्षमा प्रदेश र सङ्घीय सरकारले रु पाँच करोड बजेट उपलब्ध गराएको थियो। समयमा काम हुन नसक्दा फिर्ता गएको उनको भनाइ छ।

यस वर्षको रु दुई करोड बजेटबाट नहरको काम गर्ने तयारी गरिएको नगरप्रमुख कुशवाहले जानकारी दिनुभयो। ब्यारेज व्यवस्थापनका लागि आफूले प्रदेश र सङ्घीय सरकारलाई पटकपटक आग्रह गरेको उनले दाबी गरे। तर, हालसम्म कुनै पनि प्रक्रिया अगाडि बढ्न नसकेको उहाँ बताउनुहुन्छ। ठूलो भूभागमा सिँचाइ हुने भए पनि ब्यारेज प्रयोगमा ल्याउन नसक्नु दुःखद भएको उनको भनाइ छ।

किसानको सुविधाका लागि आएको बजेट नगरपालिकाले काम नै नगरी फिर्ता गरेको स्थानीय किसानको आरोप छ। खेत नजिकै बाह्रै महिना खोला बग्ने तर आफूहरूले महँगोमा डिजल मोटर प्रयोग गर्नुपर्ने बाध्यता रहनु दुःखत भएको स्थानीय किसान गगनदेव सिंहले गुनासो गरे। पालिकाले सिँचाइ ब्यारेज व्यवस्थित गरी किसानको खेतसम्म पानी पुर्‍याउनुको साटो पार्क निर्माणमा खर्च गरेको उनको आरोप छ।

ब्यारेज मर्मत गरी पक्की नहरको व्यवस्थासहित सिँचाइ सुविधा उपलब्ध गराउनुपर्ने स्थानीय किसानको माग छ। किसानले सुविधा पनि नपाउने, राज्यको ठूलो लगानी खेर जाने अवस्थाको अन्त्य हुनुपर्ने उनीहरूको भनाइ छ।

## भोटेकोशी बाढीमा मधेश प्रदेशका हराइरहेका ३० सम्पर्कमा ............

नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए।

त्यस्तै, सर्लाहीको लालबन्दी नगरपालिका-१ का बृजकिशोर दास, सुनिता दास, बागमती नगरपालिका-६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, ई विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिका युवराज पाण्डे, औरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिबास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रवक्ता ढकालको भनाइ छ।

यस्तै, धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव, सुरेश पजियार, जनकपुरधाम उपमहानगरपालिका-४ का रीतिक झा, विक्रम ठाकुर, जनकपुरधाम उपमहानगरपालिका-११ का सुशान्त यादव, सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी, लहान नगरपालिका-४ का उमेश यादव र कञ्चनरुप नगरपालिका-८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ।

हालसम्म सप्तरीका ४८ जना, पर्साका ३८ जना, रौतहटका १३ जना, बाराका २३ जना, सर्लाहीका १८ जना, महोत्तरीका १० जना, धनुषाका सात जना तथा सिरहाका १२ जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताए।

मधेश प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएको सूचनाहरु आउने थालेपछि प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाहरुको विवरण सङ्कलन गर्न थालेको छ।

बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उनले बताए।

